# माउन्टेन हाइड्रो नेपाल लि.


**काठमाण्डौ -१३, ताहाचल**

**फोन नं.०१५९०३४४२, E-mail : mountainhydronepal@gmail.com**


# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।०९।०७**

यस कम्पनीको मिति २०७९/०९/०४ मा बसेको सञ्चालक समितिको निर्णय अनुसार कम्पनीको सातौं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरू माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मितिः- २०७९/०९/२७ गते बुधबार

स्थानः- कालिमाटि व्याङ्क्युट (कालिमाटी सीता पेट्रोल पम्पसँगै)

समयः- १०:०० बजे ।

**छलफलका विषयहरू :-**

१) अध्यक्षज्यु बाट आ.व. २०७८।७९ को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व. २०७८।७९ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत का वित्तिय विवरणहरू) माथि छलफल र स्वीकृत गर्ने ।

३) कम्पनीको आ.व. २०७९।८० को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

४) संस्थापक समूहबाट निर्वाचित सञ्चालक श्री दिपेन्द्र आङवो लिम्बु र श्रीमति रेणुका देवी पोखरेलले राजिनामा दिनुभई रिक्त भएको संचालक पद २ निर्वाचनद्वारा पूर्ति गर्ने ।

५) विविध

क) सेयर दाखिल खारिज बन्द गर्ने

ख) निर्वाचन अधिकृत तोक्ने

ग) सञ्चालकको भत्ता तथा अन्य सुविधा सम्बन्धमा

## बार्षिक साधारण सभा सम्बन्धि जानकारीहरू

१) सातौं वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको मिति २०७९ पुस १३ गते देखि २०७९ साल पुस २७ गते सम्म शेयरको दर्ता किता दाखिल खारेज बन्द रहनेछ । किताव बन्द भएको अघिल्लो दिन अर्थात २०७९।०९।१२ सम्म नेपाल स्टक एक्सचेन्जमा कारोबार भई कायम रहनुभएका शेयरधनिहरूले सभामा भाग लिन सक्नुहुनेछ ।

२) सातौं वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिकामा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि नियुक्ती गरि कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ । तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ ।

३) एक भन्दा वढि व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मत वाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

४) कुनै शेयरधनि महानुभावहरूले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्ष लाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

५) संस्थापक समुह बाट निर्वाचित संचालक श्री दिपेन्द्र आङवो लिम्बु र श्रीमति रेणुका देवी पोखरेलले राजिनामा दिनुभई रिक्त भएको संचालक पद २ शेयरधनिहरूबाट निर्वाचन द्वारा पुर्ति गरिने छ । निर्वाचन सम्वन्धि विस्तृत कार्यक्रम निर्वाचन अधिकृत मार्फत सभा शुरु हुनु भन्दा ७ दिन अगाडी नै कम्पनीको रजिष्टर्ड कार्यालय ताहाचल काठमाण्डौ मा प्रकाशन गरिनेछ ।

६) मिति २०७९।०९।२७ गतेका दिन विहान १०:०० बजे देखि सभा स्थलमा उपस्थिती खुल्ला हुनेछ । वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण देखाई सभा स्थलमा रहेको उपस्थिती पुस्तीकामा हस्ताक्षर गरि उपस्थिती जनाउनु पर्नेछ ।

७) कम्पनी ऐन २०६३ वमोजिमको आ.ब.२०७८।७९ को वार्षिक आर्थिक विवरण , संचालक समितिको प्रतिवेदन , लेखा परिक्षण प्रतिवेदन तथा साधारण सभा सम्वन्धित अन्य कुराहरू र निर्वाचन सम्वन्धि जानकारी कम्पनीको प्रधान कार्यालय ताहाचल, कालिमाटी काठमाडौंबाट उपलव्ध हुने छ । उल्लेखित विवरणहरू कम्पनीको आधिकारीक WebSite : www.mhnl.com.np बाट समेत प्राप्त गर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले**

**शिव प्रसाद सापकोटा**

**कम्पनी सचिव**